बागमती प्रदेश सरकार

सहकारी तथा गरिबी निवारण मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौँ

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय, अनामनगर, काठमाडौंको ७ (सात) दिने अवधिको खुला तथा सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका बचतकर्ताहरूका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना ।

**तेस्रो पटक प्रकाशित मिति: २०८३/०३/१३**

यस समितिको मिति २०८२/१२/१३ र मिति २०८३/०२/०७ मा प्रकाशित सूचनामा उल्लेख भएका तपसिलमा उल्लिखित सम्पत्तिको प्याकेज खुला तथा सुमेरु सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडका बचतकर्ताहरूको प्रतिस्पर्धाका लागि सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्रस्ताव पेश गर्न यो सूचना तेस्रो पटक प्रकाशित गरिएको छ। इच्छुक बचतकर्ता, संस्था तथा व्यक्तिले सकार्न चाहेमा गोप्य सिलबन्दी निवेदन पेश गर्नुहुन सरोकारवाला सबैका लागि यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीका लागि यस समितिको कार्यालयको website: www.coopmc.bagamati.gov.np मा हेर्न सक्नुहुनेछ।

## तपसिल

पहिलो चरणमा बिक्री तथा व्यवस्थापन गर्नका लागि तयार गरिएको सम्पत्तिको प्याकेज।

१. ललितपुर जिल्ला धापाखेल वडा नं. १ग स्थित सुमेरु अस्पताल प्रा.लि.को नाममा रहेका कि.नं. ७० क्षेत्रफल ०-७-०-०, कि.नं. ६० क्षेत्रफल ०-११-०-०, कि.नं. ६८ क्षेत्रफल ०-६-३-२, कि.नं. १८१८ क्षेत्रफल १-२-०-०, कि.नं. १८१५ क्षेत्रफल १-३-२-०, कि.नं. ५६ क्षेत्रफल १-१-०-०, कि.नं. १४७६ क्षेत्रफल ०-२-०-०, कि.नं. १४७४ क्षेत्रफल १-०-०-० को खाली जग्गा र ऐ. ठेगानाको रमेश महर्जनको नाममा रहेको कि.नं. ७३ क्षेत्रफल ०-३-०-० को खाली जग्गा।

- प्रतिस्पर्धाका लागि बचतकर्ताहरूको तर्फबाट ७० प्रतिशत आफ्नो बचत व्यवस्थापन गर्ने र ३० प्रतिशत बैंक तथा अन्य साना बचतकर्ताको फिर्ताका लागि नगद जम्मा गर्ने गरी प्रस्तावित एकमुष्ट रु. ६०,००,००,०००/- अक्षरुपी साठी करोड रुपैयाँ मात्र।

२. ललितपुर महानगरपालिका वडा नं. ३ स्थित सुमेरु सिटी हस्पिटल प्रा.लि.को नाममा रहेको कि.नं. ७१५, क्षेत्रफल ०-४-०-० को जग्गा, ललितपुर महानगरपालिका वडा नं. १५ स्थित एशियन फाउण्डेसन प्रा.लि.को नाममा रहेको कि.नं. ८४१, क्षेत्रफल ०-३-२-०, कि.नं. ७५९, क्षेत्रफल ०-५-०-०, कि.नं. ७१४, क्षेत्रफल ०-६-०-०, कि.नं. ८९७, क्षेत्रफल ०-५-०-०, कि.नं. ८९८, क्षेत्रफल ०-५-०-०, कि.नं. ११०४, क्षेत्रफल ०-४-२-०, कि.नं. ११०५, क्षेत्रफल ०-३-०-०, कि.नं. १०७६, क्षेत्रफल ०-५-३-०, कि.नं. १०६०, क्षेत्रफल ०-४-०-०, को जग्गा र ललितपुर महानगरपालिका वडा नं. १५ स्थित शंकरापुर एकेडेमी प्रा.लि.को नाममा रहेको कि.नं. १०७५, क्षेत्रफल ०-२-२-० को जग्गा र उक्त जग्गामा बनेको भवन समेत।

- प्रतिस्पर्धाका लागि बचतकर्ताहरूको तर्फबाट बुँदा नं. १ कै अनुसारको एकमुष्ट रकम रु. ६०,००,००,०००/- अक्षरुपी साठी करोड रुपैयाँ मात्र।

**नोट:**

१. यो न्यूनतम मूल्यभन्दा बढी रकम कबोल गरी खरिद गर्नका लागि बाह्य व्यक्तिहरूबाट पनि प्रस्ताव पेश गर्न सकिनेछ।

२. इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र कार्यालय समयमा रु. २,०००/- बुझाई समितिको कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. यो सूचना प्रकाशित भएको मितिले सातौं दिन कर्यालय खुल्ने समय ५:०० बजेसम्म बोलपत्र पेश गरी सक्नुपर्नेछ। यसरी पेश भएको बोलपत्रहरू भोलिपल्ट २:०० बजे यसै समितिको कार्यालयमा बोलपत्रवाला वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएको समयमा खोलिनेछ। तर बोलपत्रवाला वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

४. उल्लिखित सम्पत्ति र त्यसको मूल्य सहित दावी गर्ने बचतकर्ता बाहेक एकमुष्ट खरिदका लागि सोभन्दा बढी मूल्य कबोल गर्ने गरी अन्य बचतकर्ताहरूको समूहले पनि प्रस्ताव पेश गर्न सकिनेछ।

५. यसरी प्रस्ताव पेश गर्ने व्यक्ति वा समूह जसको प्रस्ताव स्वीकृत हुन्छ उसले प्रस्ताव स्वीकृत भएको १५ दिनभित्र समितिमा बुझाउनुपर्ने सम्पूर्ण रकम बुझाइसक्नुपर्नेछ।

६. प्रस्तावसँगै धरौटी बापतको १० प्रतिशत रकम बुझाउनुपर्ने सबै पक्षका लागि अनिवार्य हुनेछ। इच्छुक व्यक्ति, फर्म, सङ्गठित संस्था वा कम्पनीले कबुल गरेको अङ्कको १०% (दश) प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैंक पुतली सडक शाखामा रहेको बैंक खातावालको नाम समस्याग्रस्त सहकारी व्यवस्थापन समिति (०४), बैंक खाता नं. ११३०१००००४६७४००१ मा जम्मा गरी सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।

७. प्रस्ताव स्वीकृत भएको १५ दिनभित्र सबै कबोल रकम नबुझाएमा धरौटी बापतको रकम जफत गरी अर्को प्रक्रिया शुरु गरिनेछ।